# Before you Sign

## ठाउं खाली गराउनु

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी घरधनीले कुनै भाडादारलाई निकाल्न खोजेमा भाडादारको कस्तो अधिकार हुन्छ भन्ने बारे चर्चा गर्नेछौं /

ठाउं खाली गराउने प्रक्रियाको चर्चा गर्नु अघि यो कुरा याद राख्न जरुरी छ कि घरधनी र भाडादारको सम्बन्ध ब्यापारिक हुन्छ / कुनै ब्यापारमा जस्तै तपाईं र घरधनी बीच भएको सबै कारोबारको अभिलेख राख्नु पर्छ / घर भाडा तिरेको प्रमाण राख्नु जरुरी छ ताकी तपाईंले आफ्नो घर भाडा तिरेको प्रमाण सजिलै देखाउन सकियोस / आफ्नो जानकारी पठाउन परेमा वा घरधनीलाई उनीहरुको दायित्व बोध गराउने विचार भएमा तपाईंको घरधनीको नाम र ठेगाना थाहा पाउनु जरुरी छ / तपाईंको एकाइमा केही सरोकार भएमा ती सरोकारहरू चिट्ठी लेखेर वा लिपिबद्द (टेक्स्ट) गरेर पठाउनु पर्छ / तपाईंले आदानप्रदान गरेका सबै पत्रहरुको प्रतिलिपिहरु सँधै आफूसित राख्नुपर्छ / उदाहरणको लागि घरधनीसंग निश्चित गरे भन्दा अर्कै दिन घर भाडा तिर्ने सम्झौता भए लिखित रूपमा गरिएको हुनुपर्छ / त्यसैगरी घर भाडा तिर्नु सट्टा काम गरी दिन्छु भन्ने सम्झौता भए त्यो पनि लिखित रूपमै हुनु पर्छ /

यी सामान्य मार्गदर्शन अनुसार चल्नु भएमा घरधनीसंग घरभाडामा बस्ने व्यक्तिको थुप्रै समस्याहरु हटाउन सकिन्छ /

ठाउं खाली गराउने बारे चर्चा गर्दा घर निकाला सम्बन्धी बिषय भनेको घरधनीले भाडामा बसेको एकाईबाट भाडादारलाई निकाल्ने प्रक्रिया हो / आवासीय घरधनी ऐनले घरधनी र भाडादारबीचको सम्बन्ध नियमन / नियन्त्रण गर्दछ र यसले कुन बेला घरधनीले भाडादारलाई घरबाट कहिले र कसरी निकाल्न पाउँछ भन्ने नियम बनाउँछ /

भाडादारलाई घरबाट निकाल्न खोज्दा घरधनीले थुप्रै कारणहरुको आधार लिएको हुन्छ / ती मध्ये भाडादारले पुरै भाडा वा समयमै भाडा तिर्न नसक्नु, अबैधानिक काम गर्नु, सम्पत्तिमा क्षति पुर्याउनु, वा सम्बन्धित भवनमा बस्ने अरु भाडादारलाई अशान्त बनाउनु रहेको छ / नगरको उप -नियम उल्लङ्घन गरी धेरै संख्यामा मानिस बस्नाले पनि निकाला गर्न सकिन्छ / भाडादारले आफन्तलाई आफूसंग राख्न खोजेमा पनि घरधनीले निकाला गर्न सक्छ / उल्लिखित पछिल्लो कारणले निकाला गर्नु परेमा बिशेष नियम लागु हुन्छ / दुर्भाग्यबश, बढी से बढी यहि कारण देखाई पांच वटा भन्दा कम एकाई भएको भवनबाट भाडादारलाई निकाला गर्न खोजिएको पाइन्छ /

घरपाल्तु जनावरले क्षति पुर्याएमा वा अशान्ति मच्चाएमा बाहेक यस्ता जनावर पालेको कारणले घरधनीले भाडादारलाई निकाल्न पाउंदैन / भाडादार संघको सदस्य भएमा वा एकाई मर्मत गर्नु पर्यो भन्दैमा तिनले भाडादारलाई निकाल्न सक्दैन /

घरधनीले भाडादारलाई निकाल्न केही प्रक्रियाबिधि पुर्याउनु पर्छ / शुरुमा तिनले के कारणले निकाल्न खोजेको हो भन्ने सूचना दिनु पर्दछ र कुनै अवस्थामा समस्या समाधान गर्न केही समय दिनु पर्दछ / उदाहरणको लागि कुनै भाडादारले भाडा नतिरेमा कति पैसा तिर्न बाँकि छ, कहिले सम्ममा तिर्नु पर्छ भनी सूचना दिनु पर्दछ / भाडादारले सबै भाडा तिरेमा कारवाही टुंगिन्छ र अघिल्लो सूचना खारेज वा रद्द गरिन्छ /

## Before you Sign

घरधनीले पठाएको सूचना भाडादारले पढ्नु जरुरी छ / यस्तो सूचनामा मिति, गर्नु पर्ने काम र समस्या समाधान गर्ने उपायहरु बारे ठीक प्रक्रियाबिधि पुर्याएको हुन्छ / सूचना जारी गर्दा आवासीय भाडादार ऐनसंग मिल्ने हुनुपर्छ र घरधनीले पठाएका साधारण पत्रहरुले कानुनमा व्यवस्था गरे अनुसार रीत नपुर्याएको हुन सक्छ /

तपाईंले समस्या समाधान गर्न नखोज्नु भएमा घर छोड्नु पर्दैन / त्यसपछि घरधनीले सुनुवाइको लागि मिति तोक्न घरधनी र भाडादार बोर्डमा निबेदन दिनु पर्नेछ / उक्त सुनुवाइको दिनमा भाडादार र घरधनीले आ-आफ्नो स्थिति बारे बयान दिन सक्नेछन् / भाडादारले स्वेच्छाले बाहिर निस्कन मन्जुर गरेमा वा बोर्डले निकालाको आदेश नदिएसम्म ठाउँ खाली गर्न सकिंदैन /

घरधनीले तपाईंलाई बोर्डमा लगेमा तपाईंले 'सुनुवाइको सूचना' पाउनु हुनेछ / यसमा सुनुवाई गर्नु पर्नाको कारण, मिति, समय र सुनुवाई हुने स्थानको विवरण पाउनु हुन्छ /

यस सुनुवाइमा आफ्नो समस्या बुझाउन तयार भएर जानु जरूरी छ / त्यसबेला तपाईंले एकजना साक्षी लानुपर्ने, कागजपत्रको प्रतिलिपि बनाउने र देखाउनको लागि तस्बिर लानु पर्ने हुन सक्छ / तपाईं सुनुवाइमा जानु भएन भने तपाईंलाई निकाला गर्ने कि नगर्ने बारे बोर्डले निर्णय गर्नेछ / सुनुवाइ हुनु अघि तयारी स्वरूप कानुनी सहयोग लिनु धेरै राम्रो हुन्छ / वकिलको लागि खर्च गर्न सक्नु हुन्न भने सामुदायिक कानुनी क्लिनिकले तपाईंलाई सहयोग दिन सक्नेछ /

सुनुवाई हुँदा बोर्डको एक सदस्यले तपाईंलाई घरधनीले किन निकाल्न खोजेको र किन निकाल्न पाउँदैन भन्ने लागेको छ भन्ने तपाईंको व्यहोरा सुन्छ / बोर्ड सदस्यहरुले सुनुवाइको अन्त्यमा आफ्नो निर्णय गर्छ वा निर्णय तयार गर्न केही समय लिन सक्छ / यस निर्णयलाई 'आदेश' भनिन्छ र यसको प्रतिलिपि तपाईं र घरधनीलाई पठाइनेछ / यो कुरा बुझ्नु जरुरी छ कि बर्षको कुनै पनि बेला र हिउंदमा पनि घरबाट निकाला गर्न सकिनेछ /

कहिलेकाहीं निकाला हुनबाट जोगिन तपाईंले घरधनीसंग सम्झौता गर्न सक्नुहुन्छ / प्राय: यस प्रकारको सम्झौतालाई 'बन्दोबस्त' भनिन्छ / बोर्डले आदेश दिनु भन्दा अघि र पछि पनि यस्तो सम्झौता गर्न सकिन्छ / कुनै कागजमा सही गर्नु अघि आफ्नो वकिलको सल्लाह लिन खोज्नुस र आफुले सही गरेको कुनै पनि कागजको प्रतिलिपि लिन नभुल्नु होला /

बोर्डले तपाईंलाई निकाला गर्ने आदेश दिएमा सो आदेशमा लेखिएको मिति भित्रमा निस्कनै पर्छ / ननिस्केमा घरधनीले तपाईंलाई निकाल्न शेरिफ (जिल्लामा चुनिएको सम्माननीय अधिकृत) समक्ष सहयोग माग्न सक्नेछ / शेरिफ भनेको एक मात्र त्यस्तो व्यक्ति हो जसले तपाईंलाई आफू बसेको ठाउँबाट जबर्जस्ति निकाल्न सक्छ / शेरिफ आएर अनुमति नदिएसम्म घरधनीले तपाईंको घर / एकाइको को ताला फेर्न सक्दैन /

घरबाट निस्कंदा आफ्नो सबै सामान लिएर जानु राम्रो हुन्छ / शेरिफले तपाईंलाई निकालेमा सप्ताहअन्त वा बिदाको बेला पनि ७२ घण्टा भित्र सामान निकाल्न पाइन्छ / यो ७२ घण्टा भित्र तपाईंको सामान तपाईंको स्थानमा वा नजिकै सुरक्षितसाथ् राख्नु पर्दछ र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म लान पाउँछ / शेरिफले निकाला गरेको अबस्थामा मात्र यो नियम लागु हुन्छ /

हामीलाई आशा छ कि तपाईंले घर निकालाको समस्या झेल्नु परेमा तपाईंको के अधिकार रहन्छ भन्ने केही सामान्य कानुनी जानकारी दिने राम्रो स्रोतको रूपमा यस पद्कस्टलाई पाउनु भयो होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक

**Before you Sign**

सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /